प्रदेश सरकार

उद्योग कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश

# बर्ड फ्लु रोग सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

मितिः २०८२/१२/०८

नेपालमा बर्ड फ्लू रोगको नियमित निगरानी हुँदै आएको सन्दर्भमा हाल कोशी प्रदेशको मोरङ्ग, सुनसरी र झापा जिल्लाका विभिन्न स्थान तथा फार्महरु0मा पालिएका कुखुराहरुमा केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट गरिएको परिक्षणबाट मिति २०८२/१२/०४ गते Highly Pathogenic Avian Influenza -H5N1 (वर्ड फ्लु) रोग पुष्टि भएको छ। साथै यो रोग तीव्र गतिमा फेलिरहेको र कुखुरामा मृत्युदर समेत उच्च रहेको छ।

बर्ड फ्लु रोग पुष्टि भएको क्षेत्रमा बर्ड फ्लु नियन्त्रण नियमावली २०७८ बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय र पशु सेवा विभाग मार्फत पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश, पशुपन्क्षी रोग अन्वेषण प्रयोगशाला विराटनगर र सम्बन्धितका निकायहरुबाट आकस्मिक रोग अन्वेषण टोली खटाई उक्त टोलीले सिफारिस गरेबमोजिमको चारकिल्ला क्षेत्रलाई बर्ड फ्लु रोग प्रभावित क्षेत्र घोषणा गरी सोही नियमावली बमोजिम रोग नियन्त्रण कार्य संचालन भईरहेको छ। यस क्रममा प्रभावित क्षेत्रका घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री नष्ट गरी निःसंक्रमण कार्य समेत भैरहेको छ। रोग पुष्टि भएको क्षेत्रबाट अन्यत्र रोग फैलन नदिई तत्काल रोग नियन्त्रणमा राख्न संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरु परिचालित भई रोग नियन्त्रणको कार्य भैरहेको छ। बर्ड फ्लु रोगलाई पुर्ण रुपमा नियन्त्रणमा राख्न निम्नानुसारका विषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन आम जनसमुदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं।

तपशिल:

१. पन्छी फार्ममा अनावश्यक ब्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन ।

२. फार्म परिसर भित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराउनु हुन ।

३. एक फार्ममा काम गर्ने ब्यक्ति अर्को फार्ममा नजानु हुन ।

४. प्रयोग भैसकेको अण्डा राख्ने कागजको क्रेट पुनः प्रयोग नगर्नु हुन ।

५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गर्नुहुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेरमात्र फार्ममा प्रवेश गर्नुहुन ।

६. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गर्नु हुन ।

७. खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमण गर्नु हुन ।

८. फार्म परिसरभित्र कुकुर, बिरालो मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने ब्यवस्था गर्नुहुन ।

९. मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्नु हुन ।

१०. पन्छी फार्ममा काम गर्ने ब्यक्तिहरुले ब्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने, नियमित हातखुट्टा धुने र स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन ।

११. संक्रमित क्षेत्रबाट पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार नगर्नु नगराउनु हुन साथै अन्य क्षेत्रबाट समेत ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएरमात्र गर्नु/गराउनु हुन ।

पुनश्चः अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको पशु सेवाका निकायमा जानकारी गराऔं ।